नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कर्मचारी प्रशासन शाखा

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५
फ्याक्स : ४२११९३५
सिंहदरवार, काठमाण्डौं
नेपाल

पत्र संख्या : क.प्र. ०७७/७८
च.नं. : १२६१

मितिः२०७८।०३।१६

विषयः सेवाकालिन प्रशिक्षण कार्यक्रम सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले संचालन गर्दै आएको सेवाकालिन तालिम अन्तर्गत आ.व. २०७८।७९ को वार्षिक कार्य तालिका अनुरुप श्रावण महिनामा संचालन हुने यसै सूचना साथ संलग्न च.नं.८८३/०७७-७८ मिति २०७८।०३।१० को नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको पत्रानुसारको द्वितीय श्रेणी वा सो सरहका अधिकृतहरुको लागि Advanced Course on Management and Development (ACMD) र तृतीय श्रेणी वा सो सरहका अधिकृतहरुका लागि Professional Course on Management and Development (PCMD) भर्चुअल मोडालिटि (Virtual Modality) मा संचालन हुने तालिम कार्यक्रममा सहभागिताको लागि योग्यता पुगेका इच्छुक रा.प.द्वि.श्रेणी र रा.प.तृ. श्रेणीका कर्मचारीहरुले मन्त्रालयको कर्मचारी प्रशासन (बोर्ड/संस्थान/छात्रवृत्ति) शाखा वा agriadmin@moald.gov.np मा मिति २०७८।०३।२२ गते भित्र आवेदन दिनुहुन मन्त्रालयको मिति २०७८।०३।१६ गतेको निर्णयानुसार अनुरोध छ ।

(नोटः आवेदन दिंदा PIS, यसै सूचना साथ संलग्न तपशिल वोजिमको ढाँचा र नेपाल प्रशासनिक प्रशिक्षणको Long training Nomination Form समेत भरी पठाउनु हुन अनुरोध छ ।)

| नाम, थर | क.सं.नं. | पद, श्रेणी | सेवा /समुह/उपसमुह | हाल कार्यरत कार्यालय | हालको पदमा नियुक्ति मिति | तालीमको किसिम | इमेल/ मोवाइल नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

२०७८।०३।१६
(कल्पना दाहाल)
शाखा अधिकृत

# नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
## Nepal Administrative Staff College
*"...devoted to making differences positively."*

प.सं.STD/CIST
च.नं.८३/०७७-०७८

मिति : २०७८/०३/१०

श्री कृषि तथा पशुपंछी विकास मन्त्रालय,
सिंहदरबार, काठमाडौं.

विषय: सेवाकालीन प्रशिक्षण कार्यक्रममा सहभागी मनोनयन सम्बन्धमा ।

नेपाल सरकार र सार्वजनिक निकायहरुमा कार्यरत अधिकृतहरुको क्षमता विकास गर्ने उद्देश्यका साथ प्रतिष्ठानले संचालन गर्दै आएको द्वितीय श्रेणी वा सो सरहका अधिकृतहरुका लागि Advanced Course on Management and Development (ACMD) र तृतीय श्रेणी वा सो सरहका अधिकृतहरुका लागि Professional Course on Management and Development (PCMD) विषयक प्रशिक्षण कार्यक्रम आ.व. २०७८/७९ को वार्षिक कार्यतालिका अनुरूप संचालन हुने व्यहोरा जानकारी गराउँदछु। अधिकृतहरुको मूलभूत सक्षमता (core competencies) मा आधारित यस प्रशिक्षण कार्यक्रम COVID-19 को विशेष परिस्थितिका कारण भर्चुअल मोडालिटीमा (Virtual Modality) संचालन हुनेगरी तय गरिएको छ । उक्त प्रशिक्षण कार्यक्रममा सहभागी हुनेगरी तहाँबाट संलग्न तालिका बमोजिम सचिव/विशिष्ट श्रेणीको अधिकृतस्तरबाट मनोनयन गराई मनोनित अधिकृतहरुको नामावली मनोनयन फारम सहित मिति २०७८/०३/२५ गतेसम्म प्रतिष्ठानमा आइपुग्नेगरि पठाईदिनुहुन अनुरोध गर्दछु। प्राप्त नामावलीमध्येबाट तपसिलमा उल्लेख भएबमोजिमको आधारमा प्रतिष्ठानद्वारा मनोनयन स्वीकृत गरिने व्यहोरा समेत अनुरोध छ।

मनोनयनका आधारहरु र सम्बन्धीत व्यवस्था:

१. अधिकृत द्वितीय श्रेणीको कर्मचारीको हकमा हालको तह/श्रेणीमा २०७८ जेठ मसान्तसम्म न्युनतम २ वर्षको सेवा अवधि र अधिकृत तृतीय श्रेणीको कर्मचारीको हकमा हालको तह/श्रेणीमा २०७८ जेठ मसान्तसम्म न्युनतम ३ वर्षको सेवा अवधि पूरा भएको हुनुपर्नेछ।
२. हालको तह/श्रेणीमा ३० कार्यदिन वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिम लिइसकेका कर्मचारीहरु मनोनयनका लागि योग्य हुने छैनन्।
३. मनोनयन गर्दा संलग्न तालिका बमोजिमको कुन समूहमा सहभागी हुने हो सो स्पष्ट खुलाई पठाउनुपर्नेछ ।
४. मनोनयनको स्वीकृति गर्दा द्विविधा भएमा ज्येष्ठतालाई आधार लिइनेछ।
५. तोकिएको मितिपछि प्राप्त हुन आएको मनोनयनमाथि कारवाही गरिनेछैन।
६. मनोनयन फारम प्रतिष्ठानको वेवसाइट www.nasc.org.np मा राखिएको छ। सम्वन्धित उम्मेदवारले प्रतिष्ठानको वेबसाइटमा राखिएको Updates मेनु भित्र Downloadable Forms मा गएर Long Training Nomination Form लिंकमा क्लिक गरी मनोनयन फारम डाउनलोड गर्न सक्नेछन्।
७. वैकल्पिक उम्मेद्वारहरुको व्यवस्था रहेको छैन। तसर्थ, तोकिएको संख्या भन्दा बढी र वैकल्पिक भनी उल्लेख भएको मनोनयन माथि कारवाही गरिने छैन।
८. मनोनयन स्वीकृतिको अधिकार सम्पूर्ण रुपमा प्रतिष्ठानमा निहित रहनेछ। मनोनयन स्वीकृतिको जानकारी प्रतिष्ठानको सूचना पाटी तथा वेवसाइट www.nasc.org.np मा राखिनेछ।
९. मनोनित कर्मचारीहरुको नामावली मनोनयन फारम सहित प्रतिष्ठानको इमेल inservice@nasc.org.np मा समेत पठाउन सकिनेछ।

Shailaja
शैलजा उपाध्याय
अध्ययन उप-निर्देशक
मोबाइल ९८५११९०७१५

# नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
# Nepal Administrative Staff College

*"...devoted to making differences positively."*

प.सं.

च.नं.

कृषि तथा पशुपंछी विकास मन्त्रालय

| क्र.सं. | कार्यक्रम | मिति | संख्या | सम्पर्क |
|---|---|---|---|---|
| १ | Professional Course on Management and Development (PCMD) | श्रावण ११ - आश्विन ५ | १ | Damodar Basyal (9861588441) |
| २ | | श्रावण १४ - आश्विन ११ | १ | |
| जम्मा | | | २ | |

| क्र.सं. | कार्यक्रम | मिति | संख्या | सम्पर्क |
|---|---|---|---|---|
| १ | Advanced Course on Management and Development (ACMD) | श्रावण १३ - आश्विन १९ | १ | Pratibha Dhungana (9841677799) |
| | | जम्मा | १ | |

पुनश्चः

अधिकृत द्वितीय श्रेणीको कर्मचारीको हकमा हालको तह/श्रेणीमा २०७८ जेठ मसान्तसम्म न्युनतम २ वर्षको सेवा अवधि र अधिकृत तृतीय श्रेणीको कर्मचारीको हकमा हालको तह/श्रेणीमा २०७८ जेठ मसान्तसम्म न्युनतम ३ वर्षको सेवा अवधि पूरा भएको हुनुपर्नेछ।

Shailaja.